# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०४ अंक - ३४, २०८३ साउन

**महासंघको परिचय:**

राष्ट्रिय बहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, सञ्जालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो । सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन् । देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन् । यो संस्था जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी सामाजिक संस्था हो । सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, विश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ । नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम सञ्चालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाका दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवाका साथै जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला ।

## हाम्रो सम्पर्क:

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

NDFN 1995

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०४ अंक - ३४, २०८३ साउन

## यस अंक भित्र:

**विषय-सूची** **पेज**

१. दृष्टिविहीन तथा न्यून दृष्टियुक्त विद्यार्थीलाई SRHR सम्बन्धी दौतरी शिक्षा सम्पन्न - २
२. अपाङ्गता भएका व्यक्तिका लागि समावेशी SRHR सेवामा जोड - ३
३. नेपालस्थित जापानी राजदूतावासका प्रतिनिधिको महासंघ भ्रमण - ४
४. CBM Global (Nepal) का राष्ट्रिय निर्देशकसंग महासंघमा छलफल - ४
५. शिक्षामा सबैको सहकार्य परियोजनाको मूल्याङ्कन बैठक सम्पन्न - ४
६. बाग्मती प्रदेश समितिको अधिबेशन सम्पन्न - ५
७. विभिन्न विषयमा जानकारीमुलक भिडियो निर्माण - ५

## १. दृष्टिविहीन तथा न्यून दृष्टियुक्त विद्यार्थीलाई SRHR सम्बन्धी दौतरी शिक्षा सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको नेतृत्वमा अम्प्लिफाईचेन्जको सहयोगमा संचालित Scope for SRHR परियोजना अन्तर्गत साझेदार संस्था अपाङ्गता भएका महिलाहरूको महासंघ (FWDN) को आयोजनामा मिति २०८३ श्रावण २ देखि ६ गतेसम्म जनकपुरधाममा दृष्टिविहीन तथा न्यून दृष्टियुक्त विद्यार्थीहरूका लागि यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार (SRHR), व्यापक यौनिकता शिक्षा (CSE), महिनावारी स्वास्थ्य तथा सरसफाइ व्यवस्थापन (MHM) र व्यक्तिगत सुरक्षासम्बन्धी पाँच दिने दौतरी शिक्षा कार्यक्रम सम्पन्न भएको छ । जनकपुरधाम उपमहानगरपालिका - ४ स्थित श्री मण्डल समाज सेवा (मण्डल कुट्टी) मा सञ्चालन गरिएको दौतरी शिक्षा कार्यक्रममा कक्षा ८ देखि १२ सम्मका दृष्टिविहीन तथा न्यून दृष्टियुक्त ८ जना छात्र तथा ६ जना छात्रा सहित १४ जना विधार्थीहरुको सहभागिता रहेको थियो। सम्बन्धित अभिभावक तथा विद्यालयसँग समन्वय गरेर सम्भावित सहभागी पहिचान र परिचालन पनि गरी सहभागिता गरिएको थियो। दौतरी शिक्षक राजेश नायक र शम्भु साहले अपाङ्गता समावेशी यौन तथा प्रजनन् शिक्षा सम्बन्धि ५ बिभिन्न सत्रहरूमा सहजीकरण गर्नुभएको थियो। तालिमको सत्रहरूमा यौन तथा प्रजनन् शिक्षा,



सामुहिक छलफलको क्रममा



सामुहिक तस्बिर

अपाङ्गता, शरीरमाथिको अधिकार, 'मेरो शरीर, मेरो अधिकार', किशोरावस्था, प्रजनन अंग तथा तिनका कार्य, व्यक्तिगत सरसफाइ, महिनावारी तथा महिनावारी स्वच्छता, गर्भावस्था, परिवार नियोजन र गर्भनिरोधक साधनबारे सहजीकरण जानकारी गरिएको थियो। सहभागीहरुले व्यक्तिगत सुरक्षा, सम्मानजनक व्यवहार, सूचित निर्णय, उपलब्ध स्वास्थ्य सेवाबारे समुह छलफल र अनुभव आदानप्रदान गरेका थिए। दृष्टिविहीन विद्यार्थीहरूलाई सहभागी गराउन अभिभावक/हेरचाहकर्ताको सहयोगको आवश्यकता, दृष्टिविहीन विद्यार्थीका लागि छुट्टै विद्यालय नहुँदा सहभागीलाई कार्यक्रम स्थलमा ल्याउनमा चुनौती देखिएको थियो।

## २. अपाङ्गता भएका व्यक्तिका लागि समावेशी SRHR सेवामा जोड

राष्ट्रिय बहिरा महासंघ नेपलाको नेतृत्वमा अम्प्लिफाईचेन्जको सहयोगमा संचालित Scope for SRHR परियोजना अन्तर्गत साझेदार संस्था अपाङ्गता भएका महिलाहरूको महासंघ (FWDN) को आयोजनामा मिति २०८३ श्रावण ५ गते जनकपुरधाममा स्थानीय जनप्रतिनिधि तथा सरोकारवालासँग अपाङ्गता समावेशी यौन तथा प्रजनन स्वास्थ्य अधिकार (SRHR) सम्बन्धी समन्वय बैठक सम्पन्न भएको छ। स्थानीय जनप्रतिनिधि, स्वास्थ्य सम्बन्धि निकाय तथा सरोकारवालाहरु गरि २२ जनाको सहभागिता रहेको बैठकमा अपाङ्गता भएका व्यक्तिहरूले स्वास्थ्य, सार्वजनिक सेवा तथा सामाजिक सुरक्षामा भोगिरहेका चुनौती र अवरोधबारे छलफल गरिएको थियो। अपाङ्गता भएका व्यक्तिहरूको SRHR अधिकारबारे स्थानीय जनप्रतिनिधिको बुझाइ बढाउनु, स्थानीय नीति, योजना तथा बजेटमा अपाङ्गता समावेशी विषयलाई प्राथमिकता दिनु तथा स्थानीय सरकार, सरोकारवाला र अपाङ्गता भएका व्यक्तिहरूबीच सहकार्य र अर्थपूर्ण सहभागिता बढाउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो।



*छलफलको क्रममा*

बैठकमा परियोजनामार्फत गरिएको अपाङ्गता भएका व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी आधारभूत सर्वेक्षणबाट प्राप्त पहुँचको अवस्था, मुख्य निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको थियो। जनकपुरधाममा अपाङ्गतामैत्री शौचालय, स्तनपान कक्ष, ज्येष्ठ नागरिक बिश्राम स्थल र सहायता कक्ष निर्माण गर्न महिला, बालबालिका तथा सामाजिक समावेशी शाखाले सिफारिस गरेको पनि जानकारी गराइएको थियो। जिल्ला जनस्वास्थ्य प्रमुखले अपाङ्गता भएका व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्य अधिकारका सम्बन्धमा सहकार्य गर्ने प्रतिबद्धता जनाउनुभएको थियो। सहभागी जनप्रतिनिधि तथा सरोकारवालाहरूले अपाङ्गतामैत्री पूर्वाधार, पहुँचयुक्त स्वास्थ्य सेवा, समावेशी योजना तथा बजेट र स्थानीय निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिताका लागि सहकार्यमा जोड दिएका थिए।

## ३. नेपालस्थित जापानी राजदूतावासका प्रतिनिधिको महासंघ भ्रमण

नेपालस्थित जापानी राजदूतावास नेपालका प्रतिनिधि द्वितीय सचिव हिरोयुकी मुरामात्सुले मिति २०८३ साउन ५ गते राष्ट्रिय बहिरा महासंघ नेपालको केन्द्रीय कार्यालयमा भ्रमण गर्नुभएको थियो । भ्रमणका अवसरमा नेपालमा बहिरा नागरिकहरुको संचार, शिक्षा, स्वास्थ्य सेवा, रोजगारीका अवसर आदि सवाल, अवस्था, चुनौती, बहिरा नागरिकहरुको हकअधिकार प्रबर्धन गर्न महासंघले खेलिरहेको भूमिका लगायतका सवालमा छलफल गरिएको थियो । द्वितीय सचिव मुरामात्सुले बहिरा बालबालिकाका लागि शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा आवश्यक सहयोग र सहकार्यका लागि जापानी राजदूतावास सकारात्मक रहेको बताउनुभएको थियो ।



*द्वितीय सचिव हिरोयुकी मुरामात्सुसहित सामुहिक तस्बिर*

## ४. CBM Global (Nepal) का राष्ट्रिय निर्देशकसंग महासंघमा छलफल

CBM Global (Nepal) का राष्ट्रिय निर्देशक राजन भट्टराईले मिति २०८३ साउन ५ गते राष्ट्रिय बहिरा महासंघ नेपालको केन्द्रीय कार्यालय सामाखुशी, काठमाण्डौमा भ्रमण गर्नुभएको छ । उहाँले बहिरा महासंघ भ्रमणको सिलसिलामा महासंघ कार्यसमिति र कर्मचारीबीच नेपालमा बहिरा समुदायको अवस्था, सवाल, राष्ट्रिय बहिरा महासंघ नेपालका बिभिन्न क्रियाकलाप, उपलब्धिबारे छलफल भएको थियो । साथै, प्रतिनिधिसँग महासंघले बहिरा, श्रवणदृष्टि विहिन तथा जटिल अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा, सिकाइ, सहायता सेवा, जनचेतनामूलक तथा सहभागितामूलक कार्यक्रमको अवस्था, उपलब्धी, चुनौती लगायतका पक्षमा जानकारी गराएको थियो । CBM Global (Nepal) का राष्ट्रिय निर्देशक भट्टराईले अपाङ्गता समुदायलाई लक्षित गरी नेपालमा संचालन गरिरहेका बिभिन्न कार्यक्रमहरुका बारेमा महासंघलाई जानकारी गराउनुभएको थियो । CBM Global (Nepal) र राष्ट्रिय बहिरा महासंघ नेपालबीच आगामी दिनमा बहिरा तथा समग्र अपाङ्गताका सवालमा सहकार्यका अवसरहरु पहिचान गर्नेबारे समेत छलफल भएको थियो ।



*CBM Global (Nepal) का राष्ट्रिय निर्देशक राजन भट्टराईसहित सामुहिक तस्बिर*

## ५. शिक्षामा सबैको सहकार्य परियोजनाको मुल्याङ्कन बैठक सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालले सञ्चालन गरेको 'शिक्षामा सबैको सहकार्यः श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरूको अवरोध न्यूनीकरण' परियोजनामाथि पोखरा महानगरपालिका परियोजना सल्लाहकार समितीको मुल्यांकन बैठक सामाजिक विकास महाशाखा पोखरामा सम्पन्न भएको छ । पोखरा महानगरका उपप्रमुखको प्रमुख आतिथ्यता तथा शिक्षा एवं सामाजिक महाशाखा

प्रमुखहरूको उपस्थितिमा परियोजना मुल्यांकन बैठक सम्पन्न भएको थियो। बैठकमा बहिरा महासंघले प्रस्तुत गरेको परियोजना अन्तर्गत श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरूको शिक्षा सम्बन्धमा ३ वर्षसम्म संचालन गरेका क्रियाकलाप, हासिल भएका उपलब्धि, चुनौती, सरकारी निकायसंगको सहकार्य एवम् खर्च विवरणमाथि छलफल गरिएको थियो।



*छलफलको क्रममा*

परियोजनाले कास्कीमा श्रवणदृष्टि विहीन बालबालिकाका लागि स्रोत कक्षा स्थापना गरी सरकारलाई हस्तान्तरण गरेको छ। जहाँ स्थानीय सरकारले आया र थेरापिस्टको व्यवस्था गरेको थियो। साथै, छात्रवृत्ति, भवन निर्माण, सृजना बहिरा विद्यालयका शिक्षकहरुलाई समावेशि शिक्षा तथा बालबालिकालाई स्पर्श संचार र ह्याप्टिक संकेत तालिम, साथि शिक्षा, युथ क्याम्प र पहिलो अन्तर्राष्ट्रिय डेफब्लाइण्ड सम्मेलन समेत सफलतापूर्वक आयोजना गरिएको जानकारी गराइएको थियो। महानगरका तर्फबाट आगामी दिनमा अपाङ्गता क्षेत्रमा महानगरको प्राथमिकताका क्षेत्रहरुलाई समेटेर परियोजना संचालन गर्न एवम् सहकार्य गर्न सुझाव दिइएको थियो।

## ६. बाग्मती प्रदेश समितिको अधिबेशन सम्पन्न

मिति २०८३ साउन १७ गते सम्पन्न राष्ट्रिय बहिरा महासंघ नेपाल बाग्मती प्रदेश समितिको चौथो वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनबाट अध्यक्ष कृष्ण गजुरेल (काठमाण्डौ) को नेतृत्वमा ९ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको छ। नयाँ कार्यसमितिमा उपाध्यक्ष - जसोदा कडेल (मकवानपुर), सचिव- धिरोज अधिकारी (काभ्रे), कोषाध्यक्ष - विष्णु कार्की (दोलखा) र सदस्यहरुमा - धन बहादुर थापा (सिन्धुली), प्रताप थापा मगर (चितवन), शर्मिला गोले (मकवानपुर), रिता भारती (सिन्धुपाल्चोक) तथा प्रवण राज जोशी (ललिपुर) निर्वाचित भएको छन्। नवगठित समितिले बाग्मती प्रदेशमा रहेका बहिरा नागरिकहरूको हक-अधिकार संरक्षण र प्रवर्द्धनका लागि जिल्ला बहिरा संघहरू, नागरिक समाज तथा सम्बन्धित सरकारी निकायहरूसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ।



*नवनिर्वाचित कार्यसमितिहरु सहित सामुहिक तस्बिर*

## ७. विभिन्न विषयमा जानकारीमुलक भिडियो निर्माण

राष्ट्रिय बहिरा महासंघ नेपालले बहिरा समुदायको सूचना र सञ्चारमा पहुँच सम्बन्धि बिभिन्न नेपाली साङ्केतिक भाषाको भिडियो निर्माण कार्यलाइ निरन्तरता दिदै आइरहेको छ। बहिरा समुदायका लागि सुचनामुलक, जनचेतनामुलक, उत्प्रेरणामुलक, उत्पादनमुलक तथा सहभागितामुलक भिडियो सामग्रीहरु प्रसारण गरिएको छ। साउन महिनाको जानकारीमुलक भिडियो तल हेर्नुहोस्।

- राष्ट्रको नाममा प्रधानमन्त्री बालेन्द्र शाहको सम्बोधन भिडियो यहाँ हेर्नुहोस् ।
- भदौ महिनाको "बहिरा आवाज" मासिक बुलेटिन भिडियो यहाँ हेर्नुहोस् ।
- "कानून बन्ने प्रक्रिया : अवधारणादेखि ऐनसम्म" भिडियो यहाँ हेर्नुहोस् ।
- "बर्खायाममा प्रदुषित पानीका कारण लाग्ने हैजा लगायतका संक्रामक रोगबाट बचौ, अरुलाई पनि बचाऔँ ।" भिडियो यहाँ हेर्नुहोस् ।
- प्रतिनिधि सभाको शून्य समयमा बहिरा नागरिकहरूको साङ्केतिक भाषासम्बन्धी विषयमा सरकारको ध्यानाकर्षण गराउँदै माननीय श्रद्धा कुँवर ज्यूको सम्बोधन भिडियो यहाँ हेर्नुहोस् ।
- "बर्खायाममा बाढी तथा पहिरोबाट सतर्क रहौँ, सुरक्षित रहौँ, आफू पनि बचौँ, अरूलाई पनि बचाऔँ ।" भिडियो यहाँ हेर्नुहोस् ।

## हाम्रा साझेदार संस्थाहरु :-




**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"**

* समाप्त !!! *

**सचेतनामूलक सूचना सामाग्री :**

